# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
## सातौं वार्षिक साधारण सभाको निर्णय विवरण

१. वैधानिक सभाको काम कारबाही:

यस कम्पनीको मिति २०८०/०९/१९ मा सम्पन्न सञ्चालक समितिको ९८औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको प्रबन्ध पत्र, नियमावली बमोजिम बोलाइएको वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेज्यूको अध्यक्षतामा देहायको मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गरी सम्पन्न भयो । सभा सम्बन्धी विस्तृत विवरण निम्न बमोजिम रहेको छ ।

२. सभा भएको मिति, स्थान र समय:

मिति : २०८०/१०/१४ (तदनुसार २८/०१/२०२४), आइतबार
स्थान : आम्रपाली ब्याङ्कवेट, भाटभटेनी, नक्साल, काठमाण्डौं ।
समय : बिहान ११:०० बजे ।

३. उपस्थिति:

क. सञ्चालकहरु:

| | | |
|---|---|---|
| १. श्री प्रदीपजङ्ग पाण्डे | – | अध्यक्ष |
| २. श्री सुमित कुमार अग्रवाल | – | सञ्चालक |
| ३. श्री मनोज कार्की | – | सञ्चालक |
| ४. श्री महेश स्वांर | – | सञ्चालक |
| ५. श्री श्रीमान कार्की | – | स्वतन्त्र सञ्चालक |

ख. पदाधिकारीहरु:

| | | |
|---|---|---|
| १. श्री पोषक राज पौडेल | – | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री दशरथमणी खड्का | – | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री दिप बहादुर वि.सी. | – | कम्पनी सचिव एवम् नायव महाप्रबन्धक |
| ४. श्री भुषण रिमाल | – | प्रमुख बजार व्यवस्थापन अधिकृत |

ग. प्रतिनिधिहरु:

| | | |
|---|---|---|
| १. श्री ज्ञानेन्द्र सुवेदी | – | लेखापरीक्षक श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्ट्सका प्रतिनिधि |
| २. श्री सुनिर कुमार ढुङ्गेल | – | आर्थिक वर्ष २०७९/०८० का आन्तरिक लेखापरीक्षक श्री एस.ए.आर. एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्सका प्रतिनिधि |
| ३. श्री अनिल जोशी | – | आर्थिक वर्ष २०८०/०८१ का आन्तरिक लेखापरीक्षक श्री कुबेर एन.भट्टराई, चार्टर्ड एकाउन्टेन्ट्सका प्रतिनिधि |
| ४. श्री रामकृष्ण निराला | – | कानुनी सल्लाहकार |

घ. उपस्थित शेयरधनीहरु:

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | ७,००,०५५ | १,१३५ | ०.१६ |
| शेयर संख्या | ३,७५,००,००० | २,२४,८९,११३ | ५९.९७ |

४. सूचना प्रकाशन:

कम्पनीको सातौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल गरिने विषयहरु (प्रस्तावहरु) समेत खुलाई मिति २०८० साल पौष २० गते कारोबार राष्ट्रिय दैनिकमा कम्पनी ऐन, २०६३ को दफा ६७(२) तथा कम्पनीको नियमावलीको नियम १८(३) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रथम पटक सूचना प्रकाशित गरिएको थियो । यसै गरी कम्पनी ऐन, २०६३ को दफा ६७(२) तथा कम्पनीको नियमावलीको नियम १८(३) बमोजिमको साधारण सभाको सूचना सहित यस कम्पनीको आर्थिक वर्ष २०७९/०८० को संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनी ऐन, २०६३ को दफा ८४(४), बीमा ऐन, २०७९ को दफा ८७(८) एवम् नेपाल बीमा प्राधिकरणबाट जारी बीमकको वित्तीय विवरण सम्बन्धी निर्देशिका, २०८० को दफा ९ बमोजिम २०८० साल माघ ०६ गते र २०८० साल माघ ०७ गतेको राष्ट्रिय दैनिकहरु क्रमश: सौर्य दैनिक र आर्थिक अभियानमा शेयरधनीज्यूहरुको जानकारीका लागि प्रकाशित गरिएको थियो । साथै सो सम्बन्धी सूचना तथा सातौं वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै कम्पनीको वेवसाइटमा समेत उपलब्ध गराइएको थियो ।

५. छलफलका विषयहरु:

(क) सामान्य प्रस्ताव:

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरीक्षण समितिबाट सिफारिस भई आए बमोजिम वाह्य लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. कम्पनीको आर्थिक वर्ष २०७९/०८० को वितरण योग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पूंजी रु. ३,७५,००,००,०००/- को ५(पांच) प्रतिशतका दरले हुने रकम रु. १८,७५,००,०००/-(अक्षरुपी अठार करोड पचहत्तर लाख रुपैया मात्र) बराबरको बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुंदा उक्त बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.२६३२ प्रतिशतले हुने रु.९८,६८,४२१/-(अक्षरुपी अन्ठानब्बे लाख अठ्सठ्ठी हजार चार सय एक्काइस रुपैया मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

५. सर्वसाधारण शेयरधनी समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा ।

(ख) विशेष प्रस्ताव:

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूंजी रु. ३,७५,००,००,०००/- को ५ (पांच) प्रतिशतले हुने रकम रु. १८,७५,००,०००/-(अक्षरुपी

अठार करोड पचहत्तर लाख रुपैया मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२. बोनस शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूंजी रु. ३,९३,७५,००,०००/- पुग्ने हुंदा सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६ (ग) मा भएको तत्काल चुक्ता पूंजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

३. संशोधित प्रबन्धपत्र अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

(ग) विविध ।

६. सभाको गणपूरक संख्याः

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | ७,००,०५५ | १,१३५ | ०.१६ |
| शेयर संख्या | ३,७५,००,००० | २,२४,८९,११३ | ५९.९७ |

७. सभाको वैधानिकता र अध्यक्षताः

साधारण सभाको कारवाही शुरु हुनु अघि कम्पनी सचिव श्री दिप बहादुर वि.सी. ले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली बमोजिम प्रक्रिया पुरा गरी सभा बोलाइएको र सभा सञ्चालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम आवश्यक गणपूरक संख्या पुरा भै सभाको वैधानिकता कायम भएको घोषणा गर्नु हुँदै सञ्चालक समितिका अध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेज्यूलाई सभाको अध्यक्षता ग्रहणको लागि अनुरोध गर्दै तत्पश्चात अध्यक्षज्यूबाट सभा सञ्चालनको लागि अनुमति प्राप्त गर्नुभयो ।

८. सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुतिः

कम्पनीको सातौं वार्षिक साधारण सभा सञ्चालन गर्ने क्रममा सभाका अध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेज्यूले विषय सूची अनुसार सञ्चालक समितिको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण एवम् सो संग सम्बन्धित अनुसूचीहरु संक्षिप्त रुपमा प्रस्तुत गर्दै समीक्षा वर्ष २०७९/०८० मा कम्पनीले १४० शाखा तथा उपशाखा कार्यालयहरु, ३६२ जना कर्मचारी र २२,२५८ जना अभिकर्ताहरु मार्फत ग्राहकहरुलाई उत्कृष्ट जीवन बीमा सेवा उपलब्ध गराएको, कम्पनीले समीक्षा वर्षमा २३,३२३ बीमालेखहरु बिक्री गरेर प्रथम बीमाशुल्क आम्दानी रु. १ अर्ब ९४ करोड गर्न सफल भएको, प्रथम बीमाशुल्क र बीमालेखहरुको सन्दर्भमा अघिल्लो वर्षको तुलनामा क्रमशः २८.९४ प्रतिशत र ३१.७६ प्रतिशतको नकारात्मक वृद्धि देखिएकोमा कुल बीमाशुल्क आम्दानीमा भने ११ प्रतिशतको वृद्धिदर हासिल गर्न सफल भएको, २०८० आषाढ मसान्तसम्ममा १,७८,३१९ बीमालेखहरु सक्रिय रहेको र विविध प्रतिकुल आर्थिक अवस्थाको बावजुद कम्पनीले आगामी दिनहरुमा नवीनतम् व्यवसायिक रणनीति तय गरी व्यवसाय वृद्धिको लागि थप प्रयास गरिरहेको व्यहोरा गरिमामय सभालाई जानकारी गराउनु भयो ।

कम्पनीले गत वर्षको तुलनामा समीक्षा अवधिमा जगेडा तथा कोषमा २१ प्रतिशत एवम् जीवन बीमाकोषमा ५१ प्रतिशतले वृद्धि गरी रु. १० अर्ब २० करोड पुऱ्याउन सफल भएको, लगानी तथा कर्जामा करिव ४४ प्रतिशतले वृद्धि हुन गई रु. १२ अर्ब ७७ करोड पुग्न गएको, कुल लगानी रु. १२ अर्ब १४ करोड मध्ये करिव ९२ प्रतिशत अर्थात रु. ११ अर्ब १४ करोड विभिन्न बैंक तथा वित्तीय संस्थाको दीर्घकालीन मुद्धती निक्षेप, ऋणपत्र एवम् शेयरमा लगानी गर्नुका साथै लगानी तथा अन्य आम्दानीमा ५५ प्रतिशतको वृद्धि हासिल गर्न सफल हुनु र गत वर्ष कायम रहेको कम्पनीको व्यवस्थापन खर्च १४.५२ प्रतिशतमा मितव्ययिता अपनाएका कारण समीक्षा अवधिमा सो खर्च अनुपात ११.६१ प्रतिशत

कायम गर्न कम्पनी सफल हुनुले यस कम्पनीको व्यवसायिक स्थिती एवम् वित्तीय अवस्था उत्साहजनक रहेको प्रमाणित गर्नुका साथै समीक्षा अवधिमा कम्पनीले बीमितहरुलाई मृत्यु दावी, बीमा अवधि परिपक्वता दावी (Full and Partial Maturity), समर्पण मूल्य लगायत बीमा दावी वापत रु. १ अर्ब ६३ करोड भुक्तानी गरेको जस मध्ये कम्पनीले प्रचलनमा ल्याएको वार्षिक अग्रिम भुक्तानी बीमा योजनाको आंशिक अवधि समाप्ती दावी वापतको रकमको ठूलो हिस्सा रहेको र बीमा दावी भुक्तानीमा प्रक्रियागत सरलता तथा सहजताले कम्पनी प्रति बीमितको विश्वसनीयता वृद्धि हुन गई व्यवसाय वृद्धिमा सकारात्मक प्रभाव पार्ने भएकाले बीमा दावी फर्छ्यौटलाई कम्पनीले उच्च प्राथमिकतामा राखेको व्यहोरा सम्मानित सभालाई अवगत गराउनु भयो ।

अन्तर्राष्ट्रिय स्तरमा शक्ति राष्ट्रहरु बिच देखापरेको द्वन्दका कारण विश्वव्यापी अर्थतन्त्रमा परेको असरसंगै देशको आर्थिक, वित्तीय र मौद्रिक नीतिको सामञ्जस्यपूर्ण ढंगले कार्यान्वयन नहुंदा अर्थतन्त्रमा मन्दी, औद्योगिक उत्पादन तथा व्यवसायिक क्षेत्रमा ह्रास, लगानी जोखिम, वित्तीय क्षेत्रमा तरलता संकुचन तथा ब्याजदरमा वृद्धि, बढ्दो व्यापार घाटा, न्यून पूंजीगत खर्च, राजस्व संकलनमा ह्रास, पूंजी बजारमा गिरावट तथा उच्च मुद्रास्फिती दर, देशलाई औद्योगिकरणतर्फ अग्रसर गराउने प्रमुख तत्वहरु पूंजी, श्रम र उद्यमशीलताका बिच संयोजन नहुनुले अर्थतन्त्र जटिल अवस्थामा रहेको यथार्थ हाम्रो सामु रहेको र विविध चुनौतिका बावजुद कम्पनीमा अवलम्बन गरिआएको कुशल व्यवसायिक रणनीति, संस्थागत सुशासन, पारदर्शिता एवम् कम्पनीले प्रदान गरिरहेको गुणस्तरीय प्रविधियुक्त ग्राहकमुखी सेवाले प्राप्त उपलब्धीहरु सन्तोषजनक रहेको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउनु भयो ।

नेपाल बीमा प्राधिकरणले बीमा कम्पनीहरुको जोखिम वहन गर्ने क्षमता बढाउन, पूंजीगत आधार बलियो बनाउन, बीमाको पहुंच विस्तार गर्न, कम्पनीहरु बीच स्वस्थ्य प्रतिस्पर्धाको वातावरण तयार गर्न एवम् जोखिममा आधारित पूंजीसंग सामञ्जस्यता हुने गरी कम्पनीको चुक्ता पूंजी रु ५ अर्ब कायम गर्न निर्देशन दिए अनुरुप समीक्षा अवधिमा विशेष साधारण सभाको निर्णय बमोजिम संस्थापक शेयरधनीबाट तत्काल चुक्ता पूंजीको ५० प्रतिशतले हुने रकम थप लगानी भई कम्पनीको चुक्ता पूंजी रु २ अर्ब ६२ करोड ५० लाख कायम हुन गएको र सर्वसाधारणका लागि व्यवस्था गरिएको ३० प्रतिशत साधारण शेयर प्रिमियम मूल्यमा सार्वजनिक निष्काशन गरी हाल कम्पनीको चुक्ता पूंजी रु. ३ अर्ब ७५ करोड कायम भएको, हाल कायम रहेको चुक्ता पूंजीको ५ प्रतिशतका दरले बोनस शेयर वितरण गर्ने प्रस्ताव यस सम्मानित सभाबाट पारित भए पश्चात कम्पनीको चुक्ता पूंजी रु. ३ अर्ब ९३ करोड ७५ लाख कायम हुने र कम्पनीले नेपाल बीमा प्राधिकरणमा पेश गरेको पूंजी योजना अनुरुप प्राधिकरणको आवश्यक स्वीकृतिमा शेयर प्रिमियम वापत प्राप्त रकम समेतबाट चालु आर्थिक वर्षमा प्राधिकरणबाट जारी बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ बमोजिमको न्यूनतम चुक्ता पूंजी रु. ५ अर्ब कायम हुनेमा सञ्चालक समिति विश्वस्त रहेको धारणा सभा समक्ष व्यक्त गर्नु भयो ।

कम्पनीले समीक्षा आर्थिक वर्षमा प्राथमिक शेयर सार्वजनिक निष्काशन गरेकोमा कम्पनी प्रति अपार विश्वास गरी करिव १५ लाख सर्वसाधारणको सहभागीता हुनु गौरवको विषय भएको स्मरण गर्दै शेयर निष्काशनको क्रममा सहभागी हुनु हुने सम्पूर्ण सर्वसाधारण महानुभावहरु र सो प्रक्रिया सरल र सहज रुपमा सम्पन्न गर्न प्रत्यक्ष परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने नियमनकारी निकायहरु, शेयर निष्काशन तथा बिक्री प्रबन्धक र शेयर प्रत्याभूतिकर्ताहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्नुभयो ।

कम्पनीमा अवलम्बन गरिएको कुशल व्यवसायिक नीति, संस्थागत सुशासनको सफल कार्यन्वयन तथा कम्पनीमा कार्यरत व्यवस्थापनको कुशल कार्यदक्षताले नै उल्लेखित सफलता हासिल गर्नुका साथै आर्थिक वर्ष पुरा भएको करिव ६ महिना भित्र नै साधारण सभा सम्पन्न गर्ने तथा त्रैमासिक अवधि समाप्त भएको करिव २ सप्ताहमा नै चालु आर्थिक वर्षको दोश्रो त्रैमासिक वित्तीय विवरण प्रकाशन गर्ने पहिलो जीवन बीमा कम्पनी बन्न सफल भएको र जीवन बीमाको व्यवसायिक मूल्य एवम् मान्यता अन्तर्गत रही यस क्षेत्रमा विद्यमान प्रतिस्पर्धाका बावजुद नवीनतम बीमा योजना, ग्राहक केन्द्रित गुणस्तरीय सेवा, सूचना प्रविधिको उच्चतम प्रयोग, ग्रामीण स्तरसम्म कम्पनीको पहुंच जस्ता विविध कारणले यस कम्पनी सर्वसाधारण सेवाग्राही माझ आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल भएको सन्दर्भमा कम्पनीमा कार्यरत मानव संसाधनको वृति विकास, जीवन बीमा व्यवसायका मेरुदण्ड बीमा अभिकर्ता "सिटिजन

लिडर" को वृत्ति विकास एवम् संस्थागत सुशासन कायम गर्दै जीवन बीमाको क्षेत्रमा आफ्नो विशेष पहिचान कायम राखी मुलुकको आर्थिक उन्नतिमा कम्पनीको तर्फबाट योगदान दिदै भविष्यमा समेत जीवन बीमाका थप नवीनतम योजनाहरु प्रचलनमा ल्याई जीवन बीमाको पहुंच नेपाल राज्यभर पुऱ्याउन कम्पनीको सञ्चालक समिति जिम्मेवार भई पहल गर्ने प्रतिवद्धता जाहेर गर्नुभयो ।

आगामी दिनहरुमा कम्पनीको काम कारवाही तथा सेवा प्रवाहलाई थप प्रभावकारी एवम् गुणस्तरीय बनाउन शेयरधनी महानुभावहरुबाट रचनात्मक सुझावहरु प्राप्त हुने विश्वासका साथ प्राप्त सुझावहरु समेतका आधारमा कम्पनीको व्यवसाय विस्तार, कम्पनीको कार्यसम्पादन स्तर तथा सेवा प्रवाहमा प्रभावकारिता बढाउदै लैजाने विश्वास दिलाउदै कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम तयार गरिएको आर्थिक वर्ष २०७९/०८० को वित्तीय विवरणहरु समेतको सञ्चालक समितिको प्रतिवेदन सहितका प्रस्तुत प्रस्तावहरु यस सभाबाट अनुमोदन हुने विश्वासका साथ सम्पूर्ण ग्राहकवर्ग, नेपाल बीमा प्राधिकरण, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरु, शेयर रजिष्ट्रार, सदभावना दुत (Brand Ambassador) 'महजोडी', शेयरधनी महानुभावहरु, सञ्चालकवर्ग, बीमाङ्की, लेखापरीक्षक, व्यवस्थापन समूह, कर्मचारी, सिटिजन लिडर, पत्रकार तथा शुभचिन्तकहरुले यस कम्पनीलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा पुऱ्याउनु भएको सहयोग प्रति कृतज्ञता व्यक्त गर्दै भविष्यमा समेत अमूल्य साथ र सहयोग पाउने अपेक्षा व्यक्त गर्नु भयो ।

९. छलफलको लागि आहवान:

साधारण सभाका अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवबाट आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको सातौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण तथा विविध पक्षहरु उपर आ-आफ्नो प्रश्न, जिज्ञासा, राय, प्रतिक्रिया, मन्तव्य एवम् सुझावका लागि शेयरधनी महानुभावहरुलाई आहवान गर्नु भएकोमा देहाय बमोजिमका शेयरधनी महानुभावहरु छलफलमा सहभागी भई (क्रम संख्या १ देखि ५ सम्मका शेयरधनीज्यूले लिखित सुझाव दिनुभएको) विभिन्न सुझावहरु तथा जिज्ञासाहरु राख्नु भयो:

१. चन्द्रनारायण श्रेष्ठ
२. नरसिंह लाल चंखु
३. दिवाकर खड्का
४. बैजुनाथ रौनियार
५. उत्तम दत्त पाण्डे
६. डमरु वल्लभ घिमिरे
७. डा. शत्रुघन प्रसाद श्रेष्ठ
८. गुणराज भट्ट
९. निरुपमा गुप्ता
१०. कृष्ण प्रसाद अधिकारी
११. सुदिप श्रेष्ठ
१२. ब्रम्हदेव शाक्य
१३. उत्तम पाठक
१४. उत्सव सुन्दर श्रेष्ठ

शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको जिज्ञासा एवम् सुझावहरुको सारांश:

- कम्पनीले सार्वजनिक शेयर निष्काशन गरी पहिलो वर्षमा नै पांच प्रतिशत बोनस शेयर प्रदान गरेकोमा खुसी व्यक्त गर्दै कम्पनीको आगामी दिनमा उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्नु भयो ।
- जीवन बीमा कम्पनीहरुमा सबैभन्दा पहिले आर्थिक वर्ष २०७९/०८० को वार्षिक साधारण सभा गरेर उदाहरणीय कार्य गरेकोमा विशेष धन्यवाद दिदै अर्थतन्त्रको विषम परिस्थितीले पारेको कठिन अवस्थामा समेत पांच प्रतिशत बोनस शेयर प्रदान गरी आशा र भरोसा केन्द्र बन्न सफल भएकोमा धन्यवाद व्यक्त गर्दै कम्पनीको चुक्ता पूंजी के कसरी पुऱ्याउने योजना रहेको छ भन्ने जिज्ञासा राख्नु भयो ।
- संस्थागत सामाजिक उत्तरदायित्वमा समेत कम्पनीले आफ्नो भूमिका बढाउदै लगेकोमा प्रशन्नता व्यक्त गर्दै आगामी दिनमा त्यसलाई उचित रुपमा नियमन र अनुगमन गर्ने व्यवस्था मिलाउन सुझाव व्यक्त गर्नु भयो ।

- कम्पनीको वित्तीय विवरणमा साधारण सभा सम्बन्धी खर्च रु १० लाख र अपलेखन खर्च (Write Off Expenses) करिव रु. २४ लाख देखिएकोमा सो के-कस्तो खर्च हो भन्ने जिज्ञासा राख्नु भयो ।
- बोनस शेयर प्रस्ताव पारित भए पश्चात कम्पनीको चुक्ता पूंजी करिव चार अर्ब पुग्न जाने देखिन्छ र नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणबाट तोकिएको न्यूनतम चुक्ता पूंजी पुर्‍याउन के कस्तो योजना रहेको छ सो सम्बन्धमा जिज्ञासा राख्नु भयो ।
- सर्वसाधारण शेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्न निर्वाचनको कार्यक्रम रहेकोमा निर्विरोध हुनु भएको दुई व्यक्तित्वहरुमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नु भयो ।
- कम्पनीले आफ्नो लगानीको अधिकांश हिस्सा बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा राखेको परिप्रेक्षमा हाल सो को प्रतिफल दरमा कमी आइरहेकोले सो बाट पर्नसक्ने असरलाई न्यूनीकरण गर्न के कस्तो कदम चालिएको छ भन्ने जिज्ञासा राख्नु भयो ।

१०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएका राय, जिज्ञासा, तथा सुझावहरु उपर सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष एवम् सभाध्यक्षज्यूले दिनु भएको प्रतिक्रिया तथा नीतिगत जवाफ:

सभाध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट साधारण सभामा व्यक्त विचारहरु, सुझाव तथा सल्लाहलाई मनन गरी उहांहरुले राख्नु भएको जिज्ञासाका सम्बन्धमा धेरै विषयहरु कम्पनीको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको जानकारी गराउदै बोनस शेयर वितरण पश्चात कम्पनीको चुक्ता पूंजी करिव ३ अर्ब ९४ करोड पुग्ने र कम्पनीले नेपाल बीमा प्राधिकरणमा पेश गरेको पूंजी योजना अनुरुप प्राधिकरणको आवश्यक स्वीकृतिमा शेयर प्रिमियम वापत प्राप्त रकम समेतबाट प्राधिकरणले तोकेको न्यूनतम चुक्ता पूंजी कायम गरिने व्यहोरा सभालाई अवगत गराउनु भयो । यसै गरी संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा नेपाल बीमा प्राधिकरणले गरेको व्यवस्था अनुरुप आन्तरिक कार्यविधि समेत बनाइ सोही बमोजिम कार्य गर्दै गइरहेको र सो लाई आगामी दिनमा समेत निरन्तरता दिइने व्यहोरा सभालाई जानकारी गराउनु भयो ।

त्यसै गरी अन्य विषयहरुमा प्रष्ट पार्नको लागि सभाध्यक्षज्यूले प्रमुख कार्यकारी अधिकृतलाई अनुरोध गर्नु भएकोमा प्रमुख कार्यकारी अधिकृतज्यूले समीक्षा अवधिमा दुई वार्षिक साधारण सभा र एक विशेष साधारण सभा सम्पन्न भएको कारणले साधारण सभा सम्बन्धी खर्च भएको र सोही अवधिमा कम्पनीको प्रधान कार्यालय स्थानान्तरण भएकोले साविकको स्थानमा निर्माण गरिएको भौतिक पूर्वाधार लिजहोल्ड सम्पत्ति काम नलाग्ने भएकोले सो लाई अपलेखन गर्नुपरेको व्यहोरा सभालाई अवगत गराउनु भयो । यसैगरी कम्पनीले दीर्घकालीन लगानीलाई बढावा दिएको, कुल लगानीको अधिकांश हिस्सा दीर्घकालीन अवधिको मुद्दती निक्षेप तथा डिबेन्चर, बण्डमा लगानी गरेकोले हाल घट्दो क्रममा रहेको व्याजदरले सो लाई ठूलो असर नपार्ने र हालको प्रतिस्पर्धात्मक व्यवसायिक वातावरणमा व्यवसायिक उपलब्धि हासिल गर्न चुनौती रहेको भएता पनि तुलनात्मक रुपमा यस कम्पनीले अग्रणी पंक्तीमा रहेर आफ्नो व्यवसायलाई अघि बढाइरहेको सभालाई जानकारी गराउनु भयो ।

११. निर्णयहरु:

साधारण सभामा पेश भएका प्रस्तावहरु उपर विस्तृत रुपमा छलफल भई देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

(क) सामान्य प्रस्तावहरु:

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा:

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको मन्तव्य सहितको सञ्चालक समितिको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा:

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण सर्वसम्मतिबाट पारित गरियो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरीक्षण समितिबाट सिफारिस भई आए बमोजिम वाहय लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा:

कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण गर्न मूल्य अभिवृद्धि कर वाहेक रु. ३,३०,०००/- (अक्षरुपी तीन लाख तीस हजार रुपैया मात्र) पारिश्रमिक भुक्तानी गर्ने गरी श्री एस.ए.आर. एशोशियट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई कम्पनीको लेखापरीक्षकमा नियुक्ती गर्ने र कर लेखापरीक्षण तथा अन्य शुल्क आपसी समझदारीमा निर्धारण गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

४. कम्पनीको आर्थिक वर्ष २०७९/०८० को वितरण योग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पूंजी रु. ३,७५,००,००,०००/- को ५ (पांच) प्रतिशतका दरले हुने रकम रु. १८,७५,००,०००/- (अक्षरुपी अठार करोड पचहत्तर लाख रुपैया मात्र) बराबरको बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुंदा उक्त बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.२६३२ प्रतिशतले हुने रु.९८,६८,४२१/- (अक्षरुपी अन्ठानब्बे लाख अठसट्ठी हजार चार सय एक्काइस रुपैया मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा:

कम्पनीको आर्थिक वर्ष २०७९/०८० को वितरण योग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पूंजी रु. ३,७५,००,००,०००/- को ५ (पांच) प्रतिशतका दरले हुने रकम रु. १८,७५,००,०००/- (अक्षरुपी अठार करोड पचहत्तर लाख रुपैया मात्र) बराबरको जारी गरिने बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.२६३२ प्रतिशतले हुने रु.९८,६८,४२१/- (अक्षरुपी अन्ठानब्बे लाख अठसट्ठी हजार चार सय एक्काइस रुपैया मात्र) नगद लाभांश वितरण गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

५. सर्वसाधारण शेयरधनी समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा:

सर्वसाधारण शेयरधनी समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन गराउन वरिष्ठ अधिवक्ता डा. रुद्र प्रसाद शर्मालाई निर्वाचन अधिकृत नियुक्त गरिएकोमा निर्वाचन अधिकृतले सर्वसाधारण शेयरधनी समूहबाट कम्पनीको नियमावली बमोजिम दुई जना सञ्चालक समिति सदस्य पदको लागि निर्वाचन निर्देशिका अनुरुप रीतपूर्वक प्रक्रिया पुऱ्याई निर्वाचन कार्यक्रम सम्पन्न गरेको सभामा जानकारी गराउनु भयो । यसरी सर्वसाधारण समूहको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने दुई जना सञ्चालक सदस्यको लागि दुई जनाको मात्र मनोनयन परेको र उक्त मनोनयन उपर कुनै दावी विरोध नपरेकोले सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्न देहायका व्यक्तिहरु निर्विरोध रुपमा सञ्चालकमा निर्वाचित भएको व्यहोरा निर्वाचन अधिकृतले घोषणा गर्नुभयो ।

१. श्री भेज प्रसाद तिमिल्सिना
२. प्रेम गुरुङ्ग एण्ड ग्रुप प्रा.लि.का तर्फबाट श्री दावा फुटी शेर्पा

(ख) विशेष प्रस्ताव:

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूंजी रु. ३,७५,००,००,०००/- को ५ (पांच) प्रतिशतले हुने रकम रु. १८,७५,००,०००/- (अक्षरुपी

अठार करोड पचहत्तर लाख रुपैंया मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा:

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूंजी रु. ३,७५,००,००,०००/- को ५ (पांच) प्रतिशतले हुने रकम रु. १८,७५,००,०००/- (अक्षरुपी अठार करोड पचहत्तर लाख रुपैंया मात्र) बराबरको बोनस शेयर जारी गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

२. बोनस शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूंजी रु. ३,९३,७५,००,०००/- पुग्ने हुंदा सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६ (ग) मा भएको तत्काल चुक्ता पूंजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा:

बोनस शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूंजी रु. ३,९३,७५,००,०००/- पुग्ने हुंदा सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६ (ग) मा भएको तत्काल चुक्ता पूंजी सम्बन्धी व्यवस्था देहाय बमोजिम संशोधन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

संशोधित दफा ६(ग):

कम्पनीको तत्काल चुक्ता पूंजी रु. ३,९३,७५,००,०००/- (अक्षरुपी तीन अर्ब त्रियानब्बे करोड पचहत्तर लाख) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १०० दरका ३,९३,७५,०००/- थान साधारण शेयरमा विभाजन गरिएको छ ।

३. संशोधित प्रबन्धपत्र अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा:

विशेष प्रस्ताव अन्तर्गतको निर्णय नं. २ बमोजिमको संशोधित प्रबन्धपत्र अभिलेख गर्ने निकाय वा अन्य नियमनकारी निकायहरुबाट सो मा कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

(ग) विविध: विविध विषय अन्तर्गत छलफलका विषयहरु नभएको सभालाई जानकारी गराइयो ।

१२. धन्यवाद ज्ञापन:

सभाध्यक्षज्यूबाट शेयरधनी महानुभावहरु सातौं वार्षिक साधारण सभामा उपस्थित हुनु भई आ-आफ्ना प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गरी साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा विभिन्न निकायका आमन्त्रित प्रतिनिधिहरु समेत उपस्थित महिला तथा सज्जनवृन्द सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस वार्षिक साधारण सभामा छलफल गरी पारित गर्नुपर्ने अन्य कुनै विषय बांकी नभएकोले सभाध्यक्षज्यूले अपरान्ह १२:५० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

(दिप बहादुर वि.सी.)
कम्पनी सचिव

(प्रदीपजङ्ग पाण्डे)
अध्यक्ष